मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश

**मिति २०८०/०९/२४ गते मंगलबार बसेको ६५ औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०८०/०९/२४ गते मंगलबार दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |

| | | |
|---|---|---|
| कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |
| महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | श्री विष्णु रञ्जन वराल | सचिब |

**प्रस्ताव न.१.अधिकार प्रत्यायोजन सम्वन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिका र अन्तर्गतको विभिन्न शाखा,वडा र स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीहरु ,वडा सचिवहरु , स्वास्थ्यकर्मीहरुको सरुवा गर्ने अधिकार स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १८ वमोजिम यस न.पा.को नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.२.प्लम्बर ,इलेक्ट्रिसियन नियूक्ती सम्वन्धमा ।**

निर्णय

मिर्चैया नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतको मिर्चैया अस्पताल,स्वास्थ्य चौकीहरु सवै वडा कार्यालयहरु र शाखाहरुहरुमा दैनिक र नियमित रुपमा प्लम्बर र इलेक्ट्रिसियन आवश्यक परिरहने भएकोमा उक्त कार्य गर्न यस न.पा.मा दरवन्दि नरहेको र इलेक्ट्रिसियन र प्लम्बर सेवा करारवाट लिन सकिने भनि स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) मा व्यवस्था भए वमोजिम मासिक रु १२००० तलव भत्ता दिने गरी १ जना इलेक्ट्रिसियन करारमा लिने निर्णय गरियो ।

**प्रस्ताव न.३.सवारी चालक नियूक्ती सम्वन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिकामा रहेको सवारी संख्या वमोजिम चालक नरहेकोमा दैनिक कामकाज गर्न कठिनाई भइरहेकोले सवारी चालक सेवा करारमा लिन सकिने भनि स्थानीय सरकार संचालन ऐन,२०७४ को

दफा ८३(८) मा व्यवस्था भएकोले सोही वमोजिम १ जना हलुका सवारी चालक कार्यालयले तोके वमोजिम तलव भत्ता दिने गरी सेवा करारमा लिने निर्णय गरियो ।

**प्रस्ताब न ४.कम्प्यूटर अपरेटर पूर्ती सम्वन्धमा ।**

निर्णय

नगरपालिकाको वोझको कारण कामकाज गर्न राखिएको सहायक कम्प्यूटर अपरेटरहरु मध्ये धर्मेश कुमार साह र कुल्दीप यादवले उक्त पदवाट राजिनामा दिई राजिनामा समेत स्वीकृत भएकोमा सो अनुमोदन गर्दै निजहरुको ठाउँमा पूर्ती गर्ने र कामकाज र वोझको अत्यधिक रहेकोले थप १ जना गरी जम्मा ३ जना कार्यालयले तोके वमोजिम तलव भत्ता दिने गरी सहायक कम्प्यूटर अपरेटर सेवा करारमा लिने निर्णय गरियो ।

**प्रस्ताब न ५.विशेष अनुदान र समपूरक अनुदानको योजना प्रस्ताव पेश गर्ने सम्ध्धन्धमा ।**

निर्णय

आ.ब.२०८१/०८२ को लागि राष्ट्रिय योजना आयोगवाट समपुरक अनुदान र विशेष अनुदान का लागि योजना मांग भएकोमा तपसिल वमोजिमको योजनाहरु राष्ट्रिय योजना आयोगमा मांग गर्ने गरि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

**समपुरक अनुदान अन्तर्गतः**

(क)सोनी गदहवा सडक खण्ड अन्तर्गत घुर्मी खोलामा डबल स्पान ५० मि.पुल निर्माण

**विशेष अनुदान**

(क) महदेवा-बलुवाटोल-सिक्रोन-भेडीया सडक खण्ड अन्तर्गत १० कि.मि.सडक कालोपत्रे

**प्रस्ताब न ६.स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकण स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याँकण सम्व्न्धमा ।**

निर्णय

यस कार्यालयमा भएको कार्यको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकण (LISA) र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याँकण (FRA) का सम्बन्धमा यस कार्यालयको मूल्याँकण लाई स्वीकृत

दिई सम्वन्धित निकायवाट माग भएको कागजातहरु तोकिएको समयभित्र सम्वन्धित निकायमा पेश गर्ने/गराउने निर्णय गरियौ ।

**प्रस्ताब न ७.विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा ।**

निर्णय

यस मिर्चैया नगरपालिकाको नगर विपद व्यवस्थापन समितिको मिति २०८०/०९/२० गते वसेको वैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताब न ८.कार्यविधि स्वीकृती सम्वन्धमा ।**

निर्णय

वालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि,२०८० स्वीकृत गरि लागु गर्ने निर्णय गरयो ।

**प्रस्ताब न ९.यूवा लक्षित कार्यक्रम संचालन सम्वन्धमा ।**

निर्णय

यस नगरपालिकामा रहेको ससर्त अनुदान अन्तर्गत तपसिल वमोजिमको यूवा लक्षित कार्यक्रम संचालन गर्ने/गराउने निर्णय गरियो ।

**तपसिल**

क)यूवा कलव गठन तथा नमूना संसद अभ्यास कार्यक्रम ।

ख) यूवा स्वयमसेवक विकास र परिचालन ।

ग) यूवा मैत्री स्थानीय शासनको लागि यूवाको मुदामा बहस पैरवी ।

**प्रस्ताब न १०.दरबन्दी मिलान समिति सम्वन्धमा ।**

निर्णय

स्थानीय सरकार ऐन, २०७४ को दफा ११ को खण्ड “ज”को ११ मा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्न स्थानीय तहलाई अधिकार दिएकोमा यस न.पा. बाट शैक्षिक सत्र २०७७ मा पहिलो पटक सामुदायिक विद्यालयको शिक्षकको दरबन्दी मिलान भएकोमा कुनै विद्यालयमा अत्याधिक विधार्थी भई कम शिक्षक भएको र कुनै विद्यालयमा विधार्थीको तुलनामा शिक्षक

बढी भएको देखिइ शिक्षक दरबन्दी मिलान गर्नुपर्ने देखिदा दरबन्दी मिलान कार्यविधि २०७६ बमोजिम यस न.पा. अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलानको लागि १५ दिन भित्र राय सुझाब दिन देहाय बमोजिमको दरबन्दी मिलान समिति गठन गर्ने र उक्त समितिको प्रतिवेदनको आधारमा नगर शिक्षा समितिको बैठकबाट निर्णय भए बमोजिम दरबन्दी मिलान गर्ने निर्णय गरियो ।

**तपसिल**

१. नगर प्रमुख श्री श्रावन कुमार यादब -संयोजक

२. नगर प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य २ जना -सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

४. नगर शिक्षा विज्ञ श्री हरिहर प्रसाद धिताल -सदस्य

५ नगर प्रमुखले तोकेको शिक्षा समिति सदस्य मध्ये २ जना -सदस्य

६. नगर स्रोत व्यक्ति (श्याम कुमार यादव) -सदस्य

७. शिक्षा अधिकृत (भरत वाँनिया) -सदस्य

८. प्रा.स. (ओम प्रकाश ठाकुर) -सदस्य-सचिव

**प्रस्ताव न ११.मा.बि.राघोपुरको भवन निर्माण सम्वन्धमा ।**

**निर्णय**

मिर्चैया न.पा.वडा नं.३ मा संचालित श्री माध्यमिक विद्यालय राघोपुरमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बाट आ.ब. २०७७/०७८ मा ४ कोठे भवनको लागि ३६ लाख र आ.ब.२०७९/०८० मा दूई कोठे भवनको लागि २२ लाख ५० हजार रकम प्राप्त भई आएकोमा उक्त रकम त्यस विद्यालयको खातामा निकासा समेत भई सकेको तर लामो समयदेखी पटक—पटक पहल गर्दा पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेकोले उक्त भवनको कार्य अगाडी वढन नसकि पठन पाठनमा अत्याधिक कठिनाई भईरहेकोले उक्त आ.ब.२०७७/०७८ र आ.ब.२०७९/०८० मा प्राप्त जम्मा रु.५८ लाख ५० हजार रकम र आवश्यक पर्ने थप रकमवाट नगरपालिका मार्फत नै उक्त विद्यालयमा ६ कोठे भवन निर्माणको प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**प्रस्ताव न १२.मिर्चैया अस्पताल संचालन कार्यविधि,२०८० स्वीकृति सम्वन्धमा ।**

**निर्णय**

मिर्चैया नगरपालिकावाट संचालन भएको मिर्चैया अस्पतालको व्यवस्थापनको लागि मिर्चैया अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

**प्रस्ताव न १३. विद्यालयको वर्गीकरण र तह/स्तर वृद्धि सम्बन्धमा ।**

**निर्णय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को "ज" को खण्ड १२ मा विद्यालयको नक्साँकन, अनुमति स्वीकृति, समायोजन गर्ने स्थानीय तहलाई अधिकार दिए अनुसार यस न.पा. भित्रका संस्थागत र सामुदायिक विद्यालयको कक्षा वृद्धि, स्तरोन्नती र विद्यालयको वर्गीकरण गर्नुपर्ने भएकाले यस सम्बन्धमा १५ दिन भित्रमा आवश्यक राय सुझाव दिनका लागि देहाय बमोजिमको समिति गठन गरी उक्त समितिको राय बमोजिम नगर शिक्षा समितिको निर्णय अनुसार नगरपालिका भित्र संचालित विद्यालयको कक्षा वृद्धि, स्तरोन्नती र विद्यालयको वर्गीकरण गर्ने निणर्य गरियो ।

**तपसलि**

| | |
|---|---|
| १. शिक्षा विज्ञ श्री हरिहर प्रसाद धिताल) | -संयोजक |
| २.नगर प्रमुखले तोकेको शिक्षा समितिको सदस्य | -सदस्य |
| ३. नगर प्रमुखले तोकेको संस्थागत विद्यालयको PABSON र NPABSON २ जना | -सदस्य |
| ४.नगर प्रमुखले तोकेको समुदायीक विद्यालयको नगर प्रा.अ.१जना | -सदस्य |
| ५.नगर प्रमुखले तोकेको शिक्षा बिद्द वा समाजसेवी | -सदस्य |
| ६.मिर्चैया उधोग बाणिज्य संघको अध्यक्ष | -सदस्य |
| ७ नगर शिक्षा अधिकृत श्री भरत वाँनिया | -सदस्य |
| ८.श्रोत व्यक्ति श्री श्याम यादब | -सदस्य |
| ९. प्रा.स.श्री ओम प्रकाश ठाकुर | -सदस्य-सचिव |